# ९ परमेश्वरका अगमवक्ताहरु र आराधना

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* यशैया १:११-१५, ६:१-८, ४४, ५८:१-१०, यर्मिया ७:१-१०, मीका ६:१-८।

*<u>स्मरण गर्नु पर्ने पद:</u>* "'म जस्तो अरू को छ र? ऊ अगाडि आओस् र निडर भएर मसँग बोलोस्। मेरा जनहरूलाई मैले सृष्टि गरेदेखि जे भयो सो सबै थोक उसले मलाई भनोस्। अरू के भएन सो पनि मलाई भनोस्। अब के हुनेछ सो पनि अघि नै उसले घोषणा गरोस्।'" (यशैया ४४:७)

फादरस् एण्ड सनस् नाम गरेको पुस्तक रुसका साहित्यकार इभान टरजनेभले लेखेका थिए। कथाको एक जना पात्रको मुखमा यो कुरा हाली दिएका थिए: "हामीहरू सबैको जीवन धागोमा झुन्दि रहेको छ। हामी हिंडिरहेकै जमिनमा ठूलो प्वाल परेर अचानक हामीलाई कुनै बेला पनि निल्न सक्दछ। तर झन अझ खराब कुरो हामी के गर्छौं भने हाम्रो निम्ति सबै दुःख कष्टहरू हामीले नै सृष्टि गर्दछौं।"-फादरस् एण्ड सनस् (न्यु योर्क, न्यु योर्क: सिगनेट क्लासिक, २००५), पृ. १३१ रूपान्तरित।

हुन तः हामीले प्रादुर्भाव गरेको भन्दा असल जीवन कसरी बिताउने हो भनेर परमेश्वरले हामीलाई भन्नु भएको छ। उहाँको भक्तिमार्गमा हिंड्न, उहाँलाई प्रेम गर्न र उहाँको आराधना गर्न उहाँले हामीलाई शुभ अवसर दिनुहुन्छ। यसरी उहाँको छत्र छायाँमा चल्दा हामीले ल्याउने अनेकौं कष्टहरूबाट हामी सुरक्षित हुन सक्दछौं।

तर इसाई जीवन भनेको केवल परमेश्वरको पछि लागेको छु भनेर दावी गर्दैमा हुँदैन। यस अध्यायमा हामीले ती केहि अगमवक्ताहरूलाई हेर्ने छौं जसले मानिसहरूको यो धारणाको पर्दाफास गरेका थिए: "हामीहरू सत्य सावथ दिनमा आराधना गरे सत्य परमेश्वरको सेवा गरेको भनेर देखाइ हाल्छौं नी।" सावथ दिनको बिधि पालन गरे मात्र पुग्छ भनेर तिनीहरूको धारणा थियो। हप्ता भरी जे गरे

पनि त्यसको केहि ख्याल गर्नु पर्दैन भनेर तिनीहरूले ठानेका थिए। तर त्यस्तो धारणा गलत र झुठ हुन् भनेर केहि अगमवक्ताहरूले औंल्याएका थिए। यस्तै खालको तर्कले नै सबै समस्याहरू हामीले हाम्रो निम्ति निम्त्याउँछौं।

## १. हजारौं भेंडाहरू? (मीका ६:१-८)

अरू कुनै धर्महरूको बिपरित मुक्ति भनेको केवल अनुग्रहले पात्र प्राप्त हुन्छ भनेर बाइबलले सिकाउँदछ। हामीले गर्ने कुनै पनि असल काम, परोपकारीय काम, धर्मकर्म, सदव्यवहार, दानी चरित्र, सत चरित्र आदिलाई स्यावाश भनेर परमेश्वरले मोक्षको खोलो हामीलाई बगाइ दिनुहुन्न। परमेश्वरबाट स्विकार गरिन ती कुराहरू कहिलै पनि यथेष्ट हुँदैन। पापले गर्दा परमेश्वर र मानिसको बिचमा ल्याइएको फाटोलाई हाम्रो असल कामहरूले कहिलै पनि मिलाउन सकिन्दैन। मानौं हाम्रा असल कामहरूले हामीलाई मोक्ष प्राप्त होला। मानौं परमेश्वरलाई रिझाएर असल काम गरेर हाम्रो पाप क्षमा होला । मानौं हाम्रा असल कामहरूबाट परमेश्वरलाई ऋण तिर्न सकौंला । मानौं हाम्रा असल काम, त्याग तपस्या आदिले पापी मानिस परमेश्वरसँग पुनर्मिलन हुनसक्ला। तब हाम्रो निम्ति येशूको मृत्युको कुनै औचित्य रहने छैन। उहाँ मर्नु आवश्यक नै हुने थिएन। अनि बाइबलले देखाएको मुक्तिको योजना भन्दा अत्यन्त फरक हुने थियो।

विश्वासद्वारा मात्र हाम्रो निम्ति येशूको मृत्युको मूल्यता हुन्छ। उहाँको मृत्युको श्रेय केवल उहाँमाथि आस्था राख्दामात्रै पाउनसक्दछौं। येशूको जीवनभर जीउनुभएको धार्मिक जीवन हामीलाई प्राप्त हुन्छ, केवल त्यसलाई मात्र जसले उहाँलाई ग्रहण गर्दछ। येशूको धार्मिक जीवनले मात्र पापीको पाप क्षमा हुनसक्दछ र उसले मोक्ष प्राप्त गर्न सक्दछ। पाप दुष्ट, छलि, खराब छन्। यो परमेश्वरको राज्य संरचनाको बिरुद्धमा जाँदछ। पापको समस्या समाधान गर्न येशूको मृत्यु बाहेक अरू कुनै विकल्प छैन।

हामीले के भन्छौं, के गर्दछौं र सोच्दछौं, ती कुराहरूमा होशियार हुनुपर्दछ भनेर बाइबलले स्पष्ट गरेको छ। तर परमेश्वरसँग

हामी कतिको नजिक छौं भनेर पाइएको आभासले ती क्रियाकलाप तथा सोच बिचारले प्रकट गर्दछ।

मुक्तिको योजनाको निम्ति चढाइएको बलिदानहरूको प्रतिकलाई भविष्यवक्ता मीकाले मीका ६:१-८ के भन्न खोजिरहेको हामी पाउँछौं? माथि उल्लेख गरेका बिचारलाई पनि ध्यानमा राख्नुहोस्। बर्तमान युगमा पनि ती वचनहरूलाई हामीले कसरी आत्मसात् गर्ने? व्यवस्था १०:१२,१३ पनि पढ्नुहोस्।

हामी परमेश्वरका छोरा छोरीहरू हौं भनेर कतिपय मानिसहरूले दावी त गर्छन् तर तिनीहरूमा कतिपयले दया, करुणा र न्याय आफ्ना मानिसहरूलाई देखाउन असफल भएको हामी पाउँछौं। जतीसुकै धर्मी छु भनेर दावी गरोस् वा धर्मका पोसाक लगाएर मानिसलाई सिद्धताको प्रभाव पार्न खोजोस् यदि तिनीहरू ढोंगी भए भने तिनीहरू सच्चाईमा सैतानका आत्माले अभिप्रेरित भएका मानिसहरू हुन् भनेर हामी ठोकुवा गर्न सक्दछौं। जो मानिस बिनम्र भएर परमेश्वरको सत मार्गमा हिंडछ, परमेश्वरको न्याय, करूणा, सदाशयता नितीहरूलाई पछ्याउन ऊ कहिलै पनि चुक्दैन। उचित रूपमा परमेश्वरको आराधना गर्ने प्रक्रियालाई उसले असम्मान गर्दैन। परमेश्वरका सत उपासकहरूले उहाँलाई कत्तिको प्रेम गर्दछ र उहाँको मार्गमा हिंड्न कत्तिको तयार छन्, कत्तिको विनम्र छन् भनेर आफ्नो व्यवहारद्वारा देखाउन् भन्ने उहाँको सदिच्छा हो। यदि कुनै मानिस धर्मको लुगा लगाएर प्रभावशाली लामो लामो प्रार्थना गरेर ठीक आराधना गर्दछन्, ठीक इसाई शिक्षादिक्षामा चल्छन् तर अन्यायी छन्, छलकपट गर्छन्, दुष्ट नियतले चल्छन्, निष्ठुरी छन्, करूणा वा सदाशय देखाउँदैनन् भने उसको धर्मको केहि अर्थ हुँदैन।

अर्थ मूलक जीवनको निम्ति के महत्त्वपूर्ण छः ठीक धार्मिक सिद्धान्तमो पौरख हुनु कि ठीक व्यवहार? के तपाईंको धार्मिक निति ठीक भएर पनि अरूलाई तितो वा नराम्रो व्यवहार गर्न सक्नुहुन्छ? के धर्मको नाउँमा वा धर्मलाई रक्षा गर्ने निहुँमा मानिसलाई अन्याय गर्नु मुनासीव छ?

## २. यशैयालाई बोलाहत (यशैया ६:१-८)

परमेश्वरका शिध्द तथा अगमवक्ता होशे, आमोस र मिकाले आउनेवाला महान् खतराको बारेमा इस्रायलीहरूलाई सचेत गराएका थिए। त्यस ताका यहूदा वा इस्रायलका दक्षिणी राज्यमा धेरै असल राजाहरूले राज्य गरेका देखिन्थे। राजा उज्जिया वा जसको अर्को नाउँ अजेरिया थियो, उनी प्रख्यात र सबैले आदर गरेका राजा थियो। उनको क्रियाकलाप र कुशल नेतृत्वलाई सबैले सम्मान गरेका थिए (२ इतिहास २६:१-१५)। तर समय बित्दै जाँदा राजा उज्जिया आफ्नो सफलताप्रति गौरव गर्न थाले। यसले गर्दा उनी पतनतिर झर्न थाले। सुरुमा उनी नम्र र परमेश्वरप्रति आस्थावान थिए। तर पछि आफ्नो सम्पन्नतामा उनले परमेश्वरलाई बिर्सन थाले। घमण्डले फुल्न थाले र उनलाई जति भएपनि नपुग हुन थाले (पद १६-२१)।

सुरूमा यहूदाका जनहरू पनि अध्यात्मिक रूपमा बिकसित हुँदै गएको देखिन्थे। मानिसहरू अत्यन्त भक्तिसाथ मन्दिरका सेवाकार्यहरूमा सहभागी भएका थिए। तर उत्तरी राज्य इस्रायलमा भएका धेरै खराब तत्वहरू पनि यहूदाका राज्यमा फैलिन्दै थियो। त्यहि समयमा परमेश्वरले उहाँको बिशेष कामको निम्ति यशैयालाई बोलाउनु भयो।

यशैया ६:१-८ पढ्नुहोस्। परमेश्वरबाट दर्शन पाएपछि जुन प्रतिक्रिया उनले गरे, त्यो किन गरेको होला? यसमा हाम्रो लागि अत्यन्त महान् सत्य कुरा बाइबलले औँल्याएको छ, त्यो के हो?

परमेश्वरको तेजस्वीमय महिमा देखेपछि यशैयाले के अनुभव गरे, सो कल्पना गर्न खोजौं। परमेश्वरको पवित्रताको तुलनामा उनले अचानक आफ्नो र आफ्ना जनहरूका पाप उदाङ्ग भएका थिए। यसले गर्दा यशैयाले जुन प्रतिक्रिया दिए त्यो देखि के हामी अचम्मित हुनुपर्छ र? अरूले पनि उनको भन्दा फरक प्रतिक्रिया दिन्छ होला भनेर हामी कल्पना गर्न सक्दैनौं।

हाम्रो पापमय अवस्थालाई उदाङ्ग पारेको बाइबलको महत्त्वपूर्ण तथ्यलाई यहाँ प्रस्तुत गरिएको छ। जस परमेश्वरको महिमा र पवित्रता हामी देख्छौं तब उहाँको तुलनमा हामी कति पापी रहेछौं र हाम्रो

पापबाट हामी पश्चताप गर्नु कत्तिको महत्त्व रहेछ भने हामी बुझ्दछौं र यशैयाले जस्तै हामीले पनि परमेश्वरको अनुग्रहको आवश्यकतालाई हामी महशूस गर्दछौं।

पवित्र परमेश्वरको सामु नम्र भएर साष्टाङ्ग दण्डवत गर्दै उहाँको भक्ति गरे हाम्रो चर्चका सेवाकार्यहरू कस्तो हुने होला, सोच्नुहोस्। उहाँको पवित्र उपस्थितिले हाम्रो पापप्रति हामीलाई सजग गराएको छ र उहाँको उद्धार गर्ने अनुग्रह र पवित्र गर्ने शक्तिको आवश्यकताको आभास हामी पाउँछौं। यदि हाम्रो भजन, प्रार्थना, प्रवचनले समग्ररूपमा हामीलाई आस्थामा बलियो बनाउँछ, पश्चताप गर्न सघाउँछ र पवित्र जीवन यापन गर्न अग्रसर गराउँछ भने के हामी पनि यशैयाले जस्तै चित्कार गर्दैनौं होला, "हे प्रभु, म यहाँ छु, मलाई पठाउनु होस् !"? हामीहरूले गर्ने सबै आराधनाको केन्द्रविन्दु त्यस्तो अवस्थामा हामीलाई पार्नु हो।

येशूको आमुन्ने-सामुन्ने तपाईं उभिरहनुभएको छ रे, कल्पना गर्नुहोस्। वा पार्थिव शरीर लिएर येशू तपाईंको सामु उभिरहनुभएको छ रे। यस्तो अवस्थामा तपाईंले के गर्नुहुन्छ वा कस्तो अनुभव गर्नुहुन्छ होला? तपाईंको मुखबाट के शब्दहरू निस्कन्छ होला? मत्ती २८:२०मा येशूले हाम्रो निम्ति दिनुभएको वाचाको बारेमा तपाईं के भन्नुहुन्छ? बर्तमान युगमा पनि के त्यो वाचा समय सापक्षिक छ त?

## ३. ढोंगी तथा बेकारको सेवाकार्यको केहि अर्थ छैन (यशैया १:११-१५)

परमेश्वरका जनहरू र उहाँका सत्य चर्चका अनुयायीहरूलाई पुरानो करारका धेरै अगमवक्ताहरूले खबरादारी सन्देशहरू लेखेका थिए। प्रायजसो ती सबै मानिसले सत्य परमेश्वरका उपासक हौं भनेर दावी गर्दथे। आसपासका छिमेकी राष्ट्रका मुर्तीपुजकहरू भन्दा ती मानिसहरूलाई बाइबलको सत्यताको आधारभूत ज्ञान थियो। आराधना गर्ने समयमा कुन् ठीक वा वेठीक तरिका अपनाउनुपर्छ भन्ने ज्ञान तिनीहरूमा थियो। तर ती ज्ञानले मात्र तिनीहरू यथेष्ट थिएन।

मन्दिरमा सेवाकार्य गर्ने बिधि सिकाउने परमेश्वर नै हुनुहुन्थ्यो। तर यशैया १:११-१५मा परमेश्वरले व्यक्त गरेका भावनाहरूलाई हामीले कसरी बुझ्ने?

त्यस जिज्ञासाको जवाफ ती नै पदको लगत्तै दिएका पदहरूमा पाउँछौं (यशैया १:१६-१८)। यो भन्दा अघिल्लो बुँदामा मीकाको सन्देशसँग यो कुरा मिल्दछ। निसन्देहः चर्च भनेको पापीहरूको निम्ति हो। यदि सिद्ध अवस्थासम्म नपुगी हामी परमेश्वरको सेवा गर्न वा उपासक हुन सक्दैनौं भने हामी कसैले पनि उहाँको आराधना गर्ने अवस्थामा कहिलै पनि पुग्न सक्दैनौं।

तर त्यो कुरो बाइबलले भनिरहेको छैन। तर हामी एक आपसमा कसरी व्यवहार गर्दछौं र विषेश गरेर हामीमा भएका कमजोर र निरीहलाई हामीले कुन दृष्टीले हेर्छौं सो अत्यन्त चासो साथ परमेश्वरले हेरिरहनुहुन्छ भनेर बाइबल धर्मशास्त्रले बताइरहेको हामी पाउँछौं। सबै धार्मिक क्रियाकलाप वा धर्मको भेष लगाउनु भन्दा मानवको सेवा गर्नु वा मानवको हित गर्नु अत्यन्त महत्त्वपूर्ण छ भनेर परमेश्वरलाई थाहा छ।

परमेश्वरको सामु कस्तो खालको उपवास गलत छ भनेर यशैया ५८:१-१०ले भण्डाफोर गर्दछ? तर मानिसले के को लागि र कसरी उपवास बस्न पर्छ भनेर परमेश्वरले भन्नुहुन्छ? यदि हामी उपबास बसे पनि नबसे पनि परमेश्वरले हामीलाई यहाँ के भनीरहनुभएको छ?

उपबास एक किसिमको त्याग हो। यसको बारेमा येशूले धेरै कुरा भन्नुभएको छ। तर कुनै खालको उपबास अर्थहिन छन् र बेकार पनि छन्। यस्तो खालको उपबास ढोंगी र दुई-मुखे मानिसको चाला हो। यसको अर्थ बाहिरी रूपमा परमेश्वरको भक्त भनेर देखिने तर उहाँले सुम्पिनु भएको जिम्मेवारबाट पन्छिने चरित्र हो। जो मानिस परमेश्वरप्रतिको प्रेमले अभिप्रेरित हुन्छ त्यसले आफूलाई त्याग गरेर आवश्यक परेकाहरूको सहायता गर्दछ। यस्तो खालको उपबास वा स्व-त्यागले परमेश्वरको सम्मान गर्दछ। यस्तो त्यागी र सेवामुलक जीवनले नै परमेश्वरलाई मनपर्ने आराधना हो। (महात्मा गान्धीले

भन्नुभएको छः "मानिसको सेवा गर्नु नै परमेश्वरको सेवा गर्नु हो" "गरिबहरूको अनुहारमा म परमेश्वर देख्छु" भनेर मदर तेरिसाले भन्नुभएको थियो)। मानिसको हित गर्ने भावनाले प्रेरित भएर परमेश्वरको उपासना गर्ने व्यक्तिले उहाँको अनुग्रह र प्रेम प्राप्त गरेको मानिस भनेर ठहऱ्याउँछ। अनि आफू पनि अरूलाई प्रेम र अनुग्रह देखाउन उत्प्रेरित हुन्छ। सत्य आस्था भनेको के हो भनेर त्यस्तो खालको त्यागले देखाउँदछ (लूका ९:२३)। यस्तो खालको त्याग नै येशूको भक्त हो भनेर देखाउने गुण हो। अरूको उत्थानमा लाग्ने चरित्र निर्माण गर्नु येशूभक्तको मुटु हो।

## ४. बेकारको निम्ति फायदा उठाउनु (यशैया ४४)

दक्षिण अफ्रिकाको लौरेन भान डेर पोस्ट साहत्यकारले एउटा लेख लेखेका थियो। त्यसको शिर्षक थियो, "अर्थहिनको बोझ"। कतिपय मानिसहरूले आफ्नो जीवनमा जे भने तापनि वा जे गरेतापनि त्यो बेकारको हो भनेर ठानिरहेको हामी पाउँछौं। अनि ढिलो वा चाँडो त्यस्तो खालको मानिस नैराश्य जीवन नै लिएर मरेको हुन्छ। अनि उनीहरूलाई चिन्ने मानिसहरू पनि मरेका हुन्छन्। अनि केहि समय पछि नै तिनीहरूको सम्झना पनि कसैलाई हुँदैन। यस्तो परिवेशमा हाम्रो जीवनको अर्थ के हो र? हामीले जे गरे पनि त्यो के को लागि हो र? झट्ट हेर्दा हामीले जे गरेतापनि, जीवन र त्यसले गरेको कामको औचित्य केहि नभएको आभास हामी पाउँछौं। यसले गर्दा जीवन नै अर्थहिन भएको निष्कर्षमा पुग्छौं।

उपर्युक्त तर्कलाई मनमा राखेर यशैया ४४को सन्देशले तपाईंलाई के भनिरहेको छ सो लेख्नुहोस्। उदाहरणमा, परमेश्वरको उपासना गर्ने र मानिसहरूले कसलाई आराधना गर्दछ भन्ने कुरासँग के सम्वन्ध छ भनेर त्यस अध्यायले तपाईंलाई देखाउँदछ?

यशैयाले आफ्नो समय, संस्कार र मानिसहरूको निम्ति ती वचनहरू लेखेका थिए। तर उनले लेखेका ती सिद्धान्त वा दिक्षाहरू अहिलेको लागि पनि उत्तिकै सान्दर्भिक छन् भन्ने कुरालाई सोच्नुहोस्। परमेश्वरमात्र एक सृष्टिकर्ता हुनुहुन्छ। उहाँ मात्र हाम्रो उद्धारकर्ता

हुनुहुन्छ। उहाँले मात्र हामीलाई मोक्ष दिन सक्नुहुन्छ। त्यसकारण उहाँमात्र हाम्रो आराधना र प्रशंसाको योग्य हुनुहुन्छ। यशैयाले ती मानिसहरूको खिसी गर्दछन् जसले आफ्नै हातद्वारा मुर्तीहरू सृजना गरेर, “हाम्रा देवीदेवता यी नै हुन्" भनेर तिनीहरूलाई ढोग्दछन् र पूजा गर्दछन्। यस्ता मानव निर्मित देवीदेवताहरू केवल भौतिक चिजहरू मात्र हुन् र तिनीहरूको उपासना बेकारमा गरिन्छ भनेर यशैयाले औंल्याउँछन्।

मुर्ती पुजा गर्नु हठीपना र मुर्खता हो भनेर हामीले सोच्नु स्वभाविकै हो। के हामीले पनि कुनै कुनै त्यहिँ ढाँचामा गइरहेकोमा सजग छैनौं र? कतिपय समयमा हामीले आफू, हाम्रो जीवन, हाम्रो समय र बललाई त्यस खालको तत्वमा समर्पित भइरहेका हुन्छौं जो बेकारको छ। तिनीहरूले हाम्रो अन्तरआत्माको चाहनालाई पूरा गर्न सक्दैनन्। र अन्तको समयमा तिनीहरूले हामीलाई चिहानबाट फेरि खरिद गर्न सक्दैनन्। त्यसकारण हामी जागा हुनु र प्रार्थना गर्नु नितान्त आवश्यक छ। हामी परमेश्वरको आस्थामा छौं कि छैनौं भनेर हृदयमा खोतलीरहनुपर्छ भनेर पावलले भन्नुभएको थियो (२ कोरन्थी १३:५)। यदि ठीक तरिकाले सब्बथको सेवाकार्य गऱ्यौं भने परमेश्वरको मात्र उपासना किन गर्नुपर्छ भनेर हामीलाई सम्झाउँदछ। हाम्रो जीवनमा के महत्त्वपूर्ण कुरो छ र के अर्थहिन छ भनेर आराधना गर्ने समयले देखाउनु पर्दछ।

केवल ढुँगाको मुर्तीमात्र होइन मानिसहरूले पैसा, शक्ति, सम्मान, महिमा, भाऊ, इज्जत, कुल आदिलाई देवता मान्ने खतरा हामी सबैमा छ। तर चर्चकै परिप्रेक्ष्यमा पनि त्यहाँ भएकाहरूलाई मुर्ती बनाउनु कत्तिको जोखिमपूर्ण हुन सक्दछः जस्तै चर्चका अगुवा, पाष्टर, अरू भन्दा मेरो विश्वास बलियो छ भनेर अभिमान गर्नु तथा आफ्नो जीवनशैली? यस बारे बिश्वासीहरूको बीच चर्चा परिचर्चा गर्नुहोस्।

## ५. “यो परमेश्वरको मन्दिर हो, यो परमेश्वरको मन्दिर हो......" (यर्मिया ७:१-१०)

इस्रायलको दक्षिण भूभागमा रहेको यहूदा राज्यको आध्यात्मिक जीवनमा तल माथि भइरहेको थियो। कुनै समयमा सकारात्कम परिवर्तन भएको थियो भने अरू समयमा पापले गर्दा परमेश्वरको आस्थाबाट पिछदिएका थिए। तर प्रायजसो अत्यन्त नराम्रो आत्मिक अवस्थामा तिनीहरूले मुर्ती पूजातर्फ ढल्केका थिए जुन परमेश्वरको निम्ति स्विकार्य थिएन। निराशमय अवस्थामा हामी पनि त्यहि मूर्ख्याईंतिर नलाग्न सजग हुन आवश्यकता छ।

यस अध्यायमा जे बिषयवस्तु हामी पढिरहेकाछौं त्यहि विषयवस्तु यर्मिया ७:१-१०मा पनि पाउँछौं। यसमा दिएका शिक्षादिक्षा वर्तमान परिवेशमा पनि हामीले कसरी लागु गर्नसक्छौं?

पद ४ हेर्नुहोस् त ! एकतर्फबाट हेर्ने हो भने मानिसहरूले व्यक्त गरेका भावना ठीक देखिन्छ। किनभने तिनीहरूले “परमेश्वरको मन्दिर" आफ्नो देशमा छ भनेर गौरब गरेका थिए। त्यस स्थानमा परमेश्वरको नाउँको सम्मान गरिन्थ्यो। त्यहि स्थानमा परमेश्वरले स्थापना गर्नुभएको बलिप्रथा चलेको थियो। बलिप्रथा, त्याग, मुक्ति, शुद्ध हुने प्रक्रिया, न्यायप्रणाली, उपासना जस्ता बाइबलका महान् सत्यताहरू त्यहि स्थानमा सिकाइन्थ्यो। यथार्थमा भन्ने हो भने ती मानिसहरू परमेश्वरका जनहरू थिए। तिनीहरूको परमेश्वरमात्र सत्य जीवित, सृष्टिकर्ता र सनातनका परमेश्वर हुनुहुन्थ्यो। तिनीहरूका मुर्तीपुजक छिमेकीहरूको भन्दा बढि आत्मज्ञान र सत्यहरू तिनीहरूमा थिए। तर जुन प्रकारले तिनीहरूले परमेश्वरको उपासना गर्दथे त्यो देखि र तिनीहरू उहाँ प्रशन्न हुनुभएको थिएन भनेर प्रष्ट पारेको छ। तितो सत्य बोलीले उहाँले भन्नु भयो, “तिमीहरू फताहा हौ।" अर्थात् तिनीहरू नकावधारी धर्मीहरू हुन् भनेर परमेश्वरले तिनीहरूको नियतलाई पर्दाफास गर्नुभएको थियो। जब तिनीहरूले भने, “यहाँ त परमेश्वरको मन्दिर छ, यहाँ त परमेश्वरको मन्दिर छ, यहाँ त परमेश्वरको मन्दिर छ।" यसलाई दावीमात्र गरेर बस्नु आफूलाई धोका दिनु हो भनेर

परमेश्वरले भन्नुभएको थियो। तिनीहरूले भन्थाने परमेश्वरको मन्दिरमा आएर, उहाँको उपसना गरेर मात्र तिनीहरू सुरक्षित हुन्छ। अरू केहि गर्नुपर्दैन, बिधी अनुसार नियमित रूपमा परमेश्वरको मन्दिर (चर्च) आए पुगिहाल्छ नी भन्ने धारणा झुठ हुन्, आफूले आफैलाई छकाउने मती हुन् भनेर परमेश्वरको आवाज भएको हामी पाउँछौं।

परमेश्वरले हामीलाई धेरै ज्योति वा आत्मज्ञान दिनुभएको छ। तर ती इस्रायलीहरूले गरेको भूल जस्तै हामी इसाई भनाउँदाहरूले पनि गर्न सक्छन् भनेर के चनाखो हुनुपर्दैन र? तिनीहरू र हाम्रो बिचमा केहि तुलनात्मक रूपमा हेरौं। यदि हामी सतर्क भएनौं भने हामी पनि त्यहि मूर्खताको बाटो अपनाउन सक्दछौं। यसबारे सोच्नुहोस्। कुन् धोकेवाज शव्दहरू वा आवाजहरूको पासोमा हामी पर्न सक्दछौं? बाहिरी रूपमा तिनीहरू ठीक र सत्य देखिन सक्छन्। यद्यपि, हामी पनि त्यही दावीहरू गरेर इस्रायलीहरूले गरेका मूर्खतापूर्ण गल्तीहरूतिर अग्रसर हुनसक्दछौं। यो कसरी हुनसक्छ गहिरिएर सोच्नुहोस्।

**उपसहारः**

थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित प्रोफटस् एण्ड किंगसका यी लेखहरू पढ्नुहोस्ः पृ. ३०३-३१०को "द कल अभ यशैया", पृ. ३३१-३३९को "हेजकिया", पृ. ३४९-३६६को "डेलिभरेन्स फ्रम असेरिया", पृ. ३८१-३९१को "मनस्से एण्ड जोशिया", पृ. ४०७-४२१को "यर्मिया"।

"परमेश्वरको बारेमा गलत धारणा राखेको हुनाले यशैयाको कालमा मानिसहरूको आत्मज्ञान अन्धकारयुक्त थिए।......

"यह्वे परमेश्वरको सत्य चरित्रको चित्रण ती इस्रायलीहरूले हराइ दिएका थिए। यो गलतको लागि तिनीहरूको कुनै बहानालाई मान्य हुँदैन। कतिपय समयमा तिनीहरूलाई परमेश्वरको यी चरित्रलाई देखाइएका थिएः "हे परमेश्वर, तपाईं कोमल र दयालु हुनुहुन्छ। तपाईं शदाशयी, अनुग्रही तथा क्षमाशील हुनुहुन्छ। तपाईं धीलो रिसाउनुहुन्छ। तपाईं भरपर्दो र प्रेमले भरिपूर्ण हुनुहुन्छ।" भजन

८६:१५ (रूपान्तरित)।–एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किंगस्, पृ. ३११, ३१२बाट रूपान्तरित।

"परमेश्वरको पवित्र मन्दिरको परिसरमा यशैयालाई दर्शद दिइएको थियो। इस्रायलको परमेश्वरको चरित्रको बारेमा उनलाई स्पष्ट दर्शन दिइएको थियो। 'जो अत्यन्त आदरणीय हुनुहुन्छ, उहाँ सनातनको हुनुहुन्छ। उहाँ सदासर्वदा जीवित हुनुहुन्छ। उहाँको नाउँ पवित्र छ (यशैया ५७:१५)। परमेश्वर यशैयाको सामु अत्यन्त तेजस्वीमय भएर देखा पर्नुभएको थियो। यद्यपि, आँखै खाने महिमाले यशैयाको सामु परमेश्वर देखापर्नुभएतापनि उहाँ कस्तो दयालु हुनुहुन्छ भनेर उनले बुझेका थिए।" एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किंगस्, पृ. ३१४बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. विश्वासीहरूबिच चौठौं बुँदाको अन्तिम प्रश्नलाई लिएर छलफल गर्नुहोस्। कुन् यस्ता असलै चिजहरू छन् जुन हाम्रो निम्ति मुर्ती हुनसक्दछन्? मानिसहरूका हातले बनाएका देवीदेवताहरूमात्र मुर्ती नबनेर परमेश्वरको स्थान लिने जुनसुकै थोक पनि हाम्रो निम्ति मुर्ती हुनसक्दछ। तर कसरी यस्तो परिस्थितिको पहिचान हामीले गर्ने?

ख. चौठौं बुँदामा प्रस्तुत गरेका तर्कलाई गहिरिएर सोच्नुहोस्। मानिसहरूले केवल बिधि पुऱ्याउन वा संस्कारलाई मात्र परमेश्वरको मन्दिर परमेश्वरको मन्दिर भनेर त्यस ठाउँमा गएर पूजा गरिरहेको पाउँछौं (यर्मिया ७:४)। तर तिनीहरूले धर्मको प्रक्रिया त पूरा गरे तर परमेश्वरले उहाँको वचनमा औंल्याउनुभएको बिद्यामा चल्न तिनीहरू राजी भएका थिएनन्। यहि धरापमा हामी पनि नपर्न हामीले के सतर्कता अपनाउनुपर्दछ? सबै खालका ढोंगी र झुठबाट हामी सुरक्षित हुन परमेश्वरको वचनलाई सरल रूपमा पालन गर्नु किन अति महत्त्वपूर्ण मान्नु पर्दछ?

ग. तपाईंको स्थानिय चर्चमा गरिने आराधनाको शैलीको बारेमा सोच्नुहोस्। के तपाईं चर्चमा जाँदा परमेश्वरको उपस्थिति भएको र उहाँप्रति श्रद्धा भएको अनुभव गर्नुहुन्छ? तपाईंको आफ्नै पापलाई चिन्ने र अनुग्रहको आवश्यकताको महशूस के चर्चको उपासना शैलीमा पाउनु भएको छ? यदि छैन भने तपाईं र तपाईंको चर्चका समूहले यशैयाले अनुभव गरेका आभास पाउन सेवाकार्यमा के परिवर्तन ल्याउनुपर्छ भनेर बिचार गर्नुपर्दछ? त्यो किन महत्त्व बिषयवस्तु हो?

घ. तपाईंको जीवनमा के यस्ता कुराहरू छन् जो बेकार वा फायदाजनक नभएको भेट्टाउनुभएको छ? बेफायदाका कुराहरूमा तपाईं कत्तिको समय खेर फालिरहनुभएको छ? यस जीवनमा हाम्रो सबैको समय सिमित छ। त्यस सिमित समयलाई तपाईंले कसरी सदुपयोग गर्नु पर्छ जसले गर्दा तपाईंको जीवन उपलव्धीमुलक वा अर्थमुलक बन्न सक्दछ?